जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६१ पृष्ठः ४ | २०८२ माघ २६ सोमबार (Monday 09 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## व्यापार घाटा रोक्ने प्रतिबद्धता माग्दै व्यापारी



**जीवछ यादव**

लहान, २५ माघ। जिल्ला उद्योग वाणिज्य संघ सिराहा-लहानले आसन्न प्रतिनिधिसभा निर्वाचनमा बढ्दो व्यापार घाटा रोक्ने विषयलाई प्राथमिकतामा राखी राजनीतिक दलका घोषणापत्रमा समेट्न माग गरेको छ। भारतीय बजारमा सामानको मूल्य घट्नु र नेपाली बजारमा कर वृद्धि हुँदा मूल्य समायोजन हुन नसकेको कारण भारतीय सीमासँग जोडिएका जिल्लाहरूमा व्यापार उत्साहजनक नरहेको संघले जनाएको छ। सिराहा जिल्लाको समग्र व्यापारमा आएको घाटा तथा व्यापारीहरूले भोगिरहेका समस्या समाधान गर्न संघले सम्बन्धित निकायसँग माग गरेको छ।

सहरी क्षेत्रबाट उद्योगी-व्यवसायी पलायन भइरहेको, साना तथा मझौला व्यापारी निराश बन्दै गइरहेको र व्यापारमा उत्साह घट्दै गएको जिल्ला उद्योग वाणिज्य संघ सिराहा-लहानका नवनिर्वाचित अध्यक्ष प्रदीपकुमार गुप्ताले बताउनुभयो। उहाँका अनुसार मूल्य अभिवृद्धि कर, मूल्य समायोजनको समस्या, खुला सीमामा सुरक्षा अभाव, बढ्दो तस्करी तथा चर्को बैंक ब्याजदर व्यापार घाटा बढ्नुका प्रमुख कारण हुन्। कुनै समय सगरमाथा अञ्चलको प्रमुख व्यापारिक नगरीका रूपमा परिचित लहानको व्यापार पछिल्ला वर्षहरूमा उल्लेख्य रूपमा घटेको छ भने नेपाल-भारत सीमामा रहेको ठाडी बजार सुनसान बन्दै गएको छ। सीमापार भारतीय लौकहा बजार भने नेपाली उपभोक्ताले भरिभराउ हुने गरेको छ। लहान र लौकहा बजारबिच चिनीमा मात्रै प्रतिकिलो ५० रुपियाँभन्दा बढी मूल्य अन्तर रहेको उल्लेख गर्दै उहाँले खुला सीमामा कडा सुरक्षा व्यवस्था र भन्सार कर समायोजन आवश्यक रहेको बताउनुभयो।

भन्सार कर घटाउन जिल्ला उद्योग वाणिज्य संघहरू तथा केन्द्रीय उद्योग वाणिज्य महासंघले पटक-पटक माग उठाए पनि हालसम्म सम्बोधन नभएकाले व्यापार घाटा सहनुपरेको अध्यक्ष गुप्ताले बताउनुभयो। जिल्ला उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष निरस चौधरीले आसन्न निर्वाचनमा राजनीतिक दलहरूले ल्याउने घोषणापत्रमा व्यापार घाटा

-बाँकी दुई पेजमा

## दुर्गा प्रसाईंलाई हाजिर जमानीमा छाड्न आदेश



काठमाडौं, २५ माघ। राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाभियानका संयोजक दुर्गा प्रसाईंलाई अदालतले हाजिर जमानीमा छाड्न आदेश दिएको छ। विद्युतीय कारोबार ऐन विपरीतको कसुर गरेको आरोपमा प्रहरीले अस्ति शुक्रवार प्रसाईंलाई पक्राउ गरी म्याद थपका लागि अदालत उपस्थित गराएको थियो। तर अदालतले हाजिर जमानीमा छाड्न आदेश दिएको साइबर ब्युरोका एसपी दीपक अवस्थीले जानकारी दिनुभयो। विद्युतीय माध्यमबाट निर्वाचन आचारसंहिता उल्लंघन गरेको भन्दै कारबाहीका लागि निर्वाचन आयोगले पत्र पठाएको प्रहरीको दाबी छ। प्रसाईंलाई पर्साको वीरगञ्जमा आयोजना हुन लागेको कार्यक्रममा सहभागी हुन जाँदै गर्दा प्रहरीले काठमाण्डौको दक्षिणकाली नगरपालिकाको चाल्नाखेलबाट पक्राउ गरेको थियो।

## रेशम चौधरीको रिटमा सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश अस्वीकार

काठमाडौं, २५ माघ। नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशमलाल चौधरीको उम्मेदवारी खारेजीविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ। आइतबार सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलास अन्तिम फैसलामा व्याख्या

-बाँकी तीन पेजमा

## प्रेम प्रस्ताव अस्वीकारको बदला :
## शल्यक्रिया गर्दा बेहोस बनाउन प्रयोग गरिने औषधीको ओभरडोज सुई प्रहार गरी हत्या

काठमाडौं, २५ माघ। झापाको भद्रपुरमा एक अवकाशप्राप्त शिक्षकको हत्या भएको छ। शिक्षकको एनेस्थेसियामा प्रयोग हुने घातक औषधि भरिएको सिरिन्ज (सुई) प्रहार गरी हत्या गरिएको प्रहरी अनुसन्धानले देखाएको छ। बिहीबार साँझ भद्रपुर नगरपालिका-१०, त्रिवेणी टोलका ६६ वर्षीय खेमराज ढकालको घाँटीमा 'प्रोपोफोल' नामक औषधि सुईमार्फत शरीरमा पठाएर हत्या गरिएको प्रहरीले जनाएको छ। शल्यक्रिया गर्नुअघि बिरामीलाई बेहोस बनाउन प्रयोग गरिने यो औषधिको उच्च मात्राका कारण ढकालको मृत्यु भएको प्रारम्भिक

-बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्वास्थ्य बिमा संकट तत्काल समाधान गर

स्वास्थ्य बिमाबाट पाउनुपर्ने रकम नपाउँदा अस्पतालहरू संकटमा परेका छन्। कार्यक्रम सञ्चालन गरेपछि बेलैमा स्रोतको व्यवस्था मिलाउनु राज्यको दायित्व हो। तर, नेपाल सरकारका अधिकारीहरूले अधिकांश अवस्थामा कुनै विषयमा पनि दायित्व बोध गर्ने गरेको देखिँदैन। स्वास्थ्य बिमा पनि यही गैरजिम्मेवार प्रवृत्तिको मारमा परेको हो। स्वास्थ्य बिमाजस्ता सबै नागरिक लाभान्वित हुने अत्यन्त महत्त्वपूर्ण कार्यक्रम दिगो हुनेगरी स्रोत सुनिश्चित गरिनुपर्थ्यो। भौतिक संरचना निर्माणलाई मात्र विकास ठान्ने मानसिकता बोकेको र अझ 'झिल्के विकास'मा रमाउने सरकारी पदाधिकारीले भने यसलाई पनि 'डोजरे योजना'जस्तै व्यवहार गरेकाले अहिलेको समस्या उत्पन्न भएको हो।

विशेषगरी २०७९ को निर्वाचनपछि बनेका सरकारहरू राष्ट्रमा दूरगामी प्रभाव पार्ने भन्दा तात्कालिक तामझाम देखिने कार्यक्रममा बढी रमाए। यही प्रवृत्तिको सिकार स्वास्थ्य बिमा कार्यक्रम पनि भयो। यसैले कार्यक्रम संकटमा पर्नुमा वर्तमान सरकारलाई मात्र दोषी मान्न मिल्दैन। नागरिक असन्तोषको एउटा कारण सरकारहरूको यही अल्लारे शैली पनि हो। दोषी जो जो भए पनि समस्याको समाधान भने यही सरकारले नै गर्नुपर्छ र तत्कालै गर्नुपर्छ। यो चुनावसम्मका लागि सार्न वा पन्छाउन मिल्ने विषय होइन। यसै पनि अन्तरिम सरकारले दीर्घकालीन असर गर्ने कार्यक्रमहरू सुरु गर्न नमिलेजस्तै नागरिक सरोकारका कार्यक्रम बन्द हुन दिनु पनि हुँदैन।

सरकारसँग स्वास्थ्य बिमाबापतको रकम अस्पतालहरूलाई भुक्तानी दिन पैसाकै समस्या परेको हो भने त्यसको समाधानको लागि एउटा उपयुक्त सुझाव ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले दिएका छन्। प्रमुख महर्जनका अनुसार सरकारले पछि शोधभर्ना दिनेगरी स्थानीय निकायले तत्कालका लागि बिमाबापतको रकम अस्पताललाई दिएमा समस्या समाधान हुन्छ। प्रमुख महर्जनले त सार्वजनिकरूपमै ललितपुर महानगरपालिकाका तर्फबाट पाटन अस्पताललाई त्यस्तो रकम उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गरेका थिए। सम्भवतः देशका अरू पालिकाहरू पनि सरकारले आग्रह गरेमा पछि शोधभर्ना लिनेगरी तत्कालका लागि स्वास्थ्य बिमा रकम आआफ्ना क्षेत्रका स्वास्थ्य संस्थाहरूलाई उपलब्ध गराउन तयार हुनेछन्।

सम्भवतः सबै नेपाली समानरूपले लाभान्वित हसनसक्ने यो पहिलो र एकमात्र कार्यक्रम हो। अहिले राम्ररी सञ्चालन हुनसके राज्य ठूलो भारबाट मुक्त पनि हुनसक्ने कार्यक्रम हो यो। यसैले पनि स्वास्थ्य बिमा कार्यक्रम बन्द हुन दिनु हुँदैन। सम्भवतः अहिलेको सरकार पनि स्वास्थ्य बिमा कार्यक्रम बन्द गरेको दोष लिन पक्कै तयार हुँदैन। स्मरणीय छ, प्रधानमन्त्री सुशीला कार्कीले पनि केही दिन पहिले ऋण लिएर पनि स्वास्थ्य बिमा बन्द हुन नदिने घोषणा गरेकी थिइन्। सरकारसँग स्वास्थ्य बिमाबापत भुक्तानी गर्ने पैसा नभएकै कारणले अहिले अस्पतालहरूले बिमा कार्यक्रम बन्द गरेका हुन् सरकारले ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले सुझाएका उपाय अपनाउनु व्यावहारिक र सहज हुनेदेखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिमा कार्यक्रम जोगाउन तत्काल अग्रसरता देखाओस्।

### *व्यापार घाटा रोक्ने ...*

कम गर्ने कार्यक्रम समावेश गर्नुपर्ने बताउनुभयो। उहाँले व्यापारी–व्यवसायीका माग समेट्न उम्मेदवारहरूसँग सामूहिक रूपमा संवाद कार्यक्रम आयोजना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। कोरोना महामारीपछि देखिएको व्यापार घाटा र बैङ्कको चर्को ब्याजदरका कारण धेरै व्यवसायी समस्यामा परेको पीडित व्यापारी देवेन्द्र साहले बताउनुभयो। विगतमा तीनै तहका सरकारले व्यापारीका समस्या समाधानमा अपेक्षित ध्यान नदिएको गुनासो गर्दै यसपटकको निर्वाचनमा व्यापारीका समस्या समाधान हुने कार्यक्रम घोषणापत्रमा समावेश गर्नुपर्ने माग व्यवसायीहरूले गरेका छन्।

लहानमा रहेका ठुला धान–चामल मिलहरू भारतीय बजारबाट चामल आयात बढ्नु, उच्च भन्सार कर र सुरक्षा समस्याका कारण विस्थापित हुँदै गएको उद्योगी मुरारीलाल मुरारकाले बताउनुभयो। "कर घटाएर उत्पादन बढाउने नीति ल्याउने र साना, मझौला तथा ठुला व्यापारीका समस्या तथा सम्भावनालाई ध्यानमा राखी घोषणापत्र ल्याउन आवश्यक छ," उहाँले भन्नुभयो।

# उपभोक्तावादी समाजः चरित्र र चुनौती

**समीर बम्जन तामाङ**

मानव सभ्यताको विकास उत्पादनसँग जोडिएको हुन्छ। मानिसले आफ्नो आवश्यकता पूरा गर्न प्रकृतिको प्रयोग गरी नयाँ वस्तुको सिर्जना गर्छ। कुनै पनि समाजको पहिचान त्यसले गर्ने सिर्जना र उत्पादनबाट निर्देशित हुन्छ। तर जब समाजमा सिर्जना र उत्पादनभन्दा उपभोगलाई सफलताको मानक मानिन्छ, तब उपभोक्तावादी समाजको जन्म हुन्छ।

उपभोक्तावाद एउटा यस्तो अवस्था हो, जहाँ बजारले मानिसको इच्छालाई नियन्त्रण गर्छ। उपभोक्तावादी चरित्रले मानिसलाई सिर्जनशील उत्पादकबाट बदलेर केवल बजारको एउटा तथ्याङ्क वा उपभोगको मेसिनमा सीमित गरिदिन्छ। उपभोक्तावादी समाजमा बजारले मानिसको संस्कृति र मनोविज्ञानलाई नियन्त्रण गर्छ र मानिसहरू वस्तुको उपभोग गरेर नै मानसिक सन्तुष्टि खोज्ने प्रयास गर्छन्। जब समाजमा कुनै वस्तुको प्रयोग उसको उपयोगिताका लागि भन्दा प्रदर्शन र प्रतिष्ठाका लागि गरिन्छ, तब त्यो समाज उपभोक्तावादको दलदलमा फसेको मानिन्छ। सरल शब्दमा भन्नुपर्दा, मानिसको पहिचान, सफलता र खुसी उनीहरूले प्रयोग गर्ने वस्तु वा सेवाको खरिद र उपभोगमा आधारित हुन्छ, त्यसलाई उपभोक्तावादी समाज भनिन्छ।

वर्तमान नेपाली समाज उपभोक्तावाद र अनुत्पादक दुवै अवस्थाको दुश्चक्रमा फसेको भनेर भन्न हिचकिच्याउनु पर्दैन। अनुत्पादक समाज भनेको त्यो हो, जसले आफ्नो आवश्यकताका वस्तु वा सेवाहरू आफैँ सिर्जना वा उत्पादन गर्नुको सट्टा अरूले बनाएका कुरामा मात्र भर पर्छ। यस्तो समाजमा आर्थिक गतिविधिहरू सिर्जनाभन्दा खपतमा केन्द्रित हुन्छन्। नेपाल अहिले यही चरित्र वरिपरिबाट गुज्रिरहेको छ, जुन दीर्घकालका लागि नै घातक हुन सक्छ। हामीकहाँ उत्पादन नभएको उपभोक्तावाद हाबी छ र हामी परनिर्भर उपभोक्ता बनेका छौँ। यो उत्पादनविहीनताले अर्थतन्त्र मात्र होइन, हाम्रो मानवीय संवेदना र सामाजिक चरित्रलाई समेत खोक्रो बनाउँदै लगेको छ।

उत्पादनमुखी विकसित देशहरूमा उत्पादनको प्रचुरतापछि उपभोगको संस्कृति बन्यो तर नेपालमा भने उत्पादनको जग नै नबसी उपभोग आकाशिएको छ। यो परजीवी अर्थतन्त्र हो, जसले हाम्रो राष्ट्रिय सार्वभौमिकतालाई समेत कमजोर बनाउँदै लगेको छ। तर यो अवस्था रातारात सिर्जना भएको भने होइन, दशकौँदेखिका गलत आर्थिक नीति, राजनीतिक अस्थिरता र उत्पादनप्रतिको उपेक्षाको परिणाम हो।

नेपालको आधुनिक आर्थिक इतिहासमा बीपी कोइरालाले अघि सारेको प्रजातान्त्रिक समाजवाद एक मौलिक र प्रगतिशील अवधारणा मान्न सकिन्छ। २०१५ सालमा जननिर्वाचित प्रधानमन्त्री बनेपछि उनले नेपालको माटो सुहाउँदो अर्थनीति अघि सारेका थिए। उनको समाजवादको केन्द्रमा हलो जोत्ने किसान थियो। उनी भन्थे, 'नेपालको योजना बनाउँदा योजना आयोगको भित्तामा एकजना गरिब किसानको फोटो झुन्ड्याऊ र सोध कि तिम्रो योजनाले यो किसानको जीवनमा के परिवर्तन ल्याउँछ ?'

बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको मूल मर्म उत्पादनमा आधारित स्वाभिमान थियो। बीपीले ठुला र आयातित उद्योगभन्दा पनि ग्रामीण आत्मनिर्भरतामा जोड दिएका थिए। उनले बिर्ता उन्मूलन गरेर जमिनमा जोत्नेको हक स्थापित गर्न खोजे, जसले किसान उत्पादनमा प्रोत्साहित होस्। उनले साना र मझौला उद्योगमार्फत् स्थानीय कच्चा पदार्थको प्रयोग र रोजगारी सिर्जनाको परिकल्पना गरेका थिए। तर २०१७ सालको राजनीतिक कु भयो, जुन राजनीतिक परिघटनामार्फत् पञ्चायतले उनको मौलिक आर्थिक मोडेललाई पूर्ण रूपमा कार्यान्वयन हुन दिएन।

२०४६ सालपछिको निजीकरण नीतिले बीपीको त्यो उत्पादनशील समाजको सपनालाई उपभोक्तावादी समाजमा बदलिदियो। पञ्चायतकालमा केही सरकारी कारखाना खुले पनि ती राज्यको नियन्त्रणमा थिए, जनताको उद्यमशीलतासँग जोडिन सकेनन्। २०४६ सालपछिको नव–उदारवादले त झन् स्वदेशी उद्योगको संरक्षण गर्नै सकेन र नेपाल एउटा ट्रेडिङ इकोनोमीमा बदलियो।

२०४६ सालको प्रजातन्त्र पुनर्बहालीपछि नेपालले विश्वव्यापी आर्थिक लहरलाई पछ्याउँदै नव–उदारवाद र खुला बजार अर्थतन्त्र अँगाल्यो। यो नै नेपालको उत्पादनशील जग भत्किने प्रस्थानबिन्दु बन्यो। तत्कालीन नेपाली कांग्रेसको सरकारले भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना, हेटौँडा कपडा उद्योगजस्ता दर्जनौँ सरकारी उद्योगहरू निजीकरण गऱ्यो। रणनीतिक योजनाको अभावमा ती उद्योगहरू निजी क्षेत्रले चलाउनुको सट्टा जग्गा बेचेर खान वा बन्द गर्न प्रयोग गरे।

स्वदेशी उद्योगको विस्थापनसँगै भन्सार दरहरूमा व्यापक कटौती भयो, जसले गर्दा विदेशी सामान सस्तोमा भित्रिन थाले। नेपालका साना उद्यमीहरूले विदेशी उत्पादनको विशाल पुँजी र प्रविधिसँग प्रतिस्पर्धा गर्न सकेनन्। फलस्वरूप नेपाल एउटा उत्पादक राष्ट्र बन्ने चरणमा प्रवेश नै नगरी आयात गर्ने राष्ट्रमा बदलियो।

२०५२ सालबाट सुरु भएको माओवादी सशस्त्र जनयुद्धबाट एउटा ऐतिहासिक राजनीतिक उपलब्धि त भयो तर त्यस अवधिमा देशको अर्थतन्त्र र पूर्वाधार निर्माणमा अवरोध भयो, जसले गर्दा देशको समग्र उत्पादन प्रणाली एक दशकसम्म अन्योलमा पऱ्यो। दशवर्षे जनयुद्धले ग्रामीण उत्पादन प्रणालीमा परेको असर कालान्तरमा देशको युवा पलायनको बिन्दु बन्न पुग्यो। शान्ति प्रक्रियापछि ती विस्थापित मानिसहरू माटोमा फर्किनुको सट्टा विदेश पलायन हुन थाले। यही समयमा वैदेशिक रोजगारीको बाटो व्यापक रूपमा खुल्यो। वैदेशिक रोजगारीबाट पैसा त आयो तर गाउँमा श्रम गर्ने युवा रहेनन्। खेतीयोग्य जमिन बाँझो भयो।

रेमिट्यान्सले मानिसको खरिद शक्ति पनि बढायो, तर बजारमा नेपाली सामान भएन। फलस्वरूप रेमिट्यान्सको पैसा आयातित सामान किन्नमा विदेशमै फर्कियो। २०६३ सालको विस्तृत शान्ति सम्झौतापछि देशमा ठुलो राजनीतिक परिवर्तन भयो र त्यसले नेपाली जनमानसमा ठुलो उत्साह पनि सिर्जना गऱ्यो। तर विडम्बना, त्यो उत्साहले सार्थकता नपाउँदै आर्थिक रूपमा यो अवधि श्रम पलायन, उपभोग विस्तार हुँदै परनिर्भरताको स्वर्ण युग सावित हुन पुग्यो। शान्ति सम्झौतापछिको सङ्क्रमणकालमा राजनीतिक अस्थिरता, लोडसेडिङ र मजदुर आन्दोलनजस्ता विविध कारणले भएका उद्योगहरू पनि बन्द भए। उत्पादन र उपभोगको सन्तुलन यसरी बिग्रियो कि नेपालको निर्यात स्थिर रह्यो तर आयात दशौँ गुणाले बढ्यो।

**उपभोक्तावादतर्फको यात्राः समाजवादउन्मुख संविधान**

२०७२ सालको नयाँ संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गऱ्यो, तर व्यवहारमा उपभोग उन्मुख अर्थतन्त्र झन् सुदृढ भयो। संविधान जारी भएपछिको एक दशकलाई हेर्दा हामी समाजवादतर्फ होइन, चरम उपभोक्तावादतर्फ गइरहेका छौँ भन्दा फरक पर्दैन। संघीयताले अधिकार तल्लो तहसम्म पुऱ्याए पनि आर्थिक उत्पादनको केन्द्र गाउँ बन्न सकेन। स्थानीय तहहरूले आफ्नो बजेट उत्पादनशील क्षेत्रमा भन्दा पनि बिनायोजना मनोमानी रूपमा सडक खन्ने, भ्यु–टावर बनाउने, आ–आफ्नो राजनीतिक दलका कार्यकर्तालाई केन्द्रमा राखेर विकास योजना बनाउने र कमिसनकेन्द्रित अनुत्पादक पूर्वाधारमा खर्च गरे।

गाउँगाउँमा डोजर पुग्यो, तर त्यही सडक भएर गाउँको उत्पादन सहर आउनुको सट्टा रेमिट्यान्सको रकमभन्दा अघि बहुराष्ट्रिय कम्पनीको वस्तु गाउँ पुगिसकेको हुन थाल्यो, जसले गर्दा रेमिट्यान्सको रकम जहाँबाट आयो, त्यतै जाने बाटो पनि सँगसँगै बन्यो। यसरी समाजवाद उन्मुख संविधानको मर्मविपरीत नेपाली समाजले उपभोक्तावादको बाटो लिन पुग्यो।

संविधान जारी हुनुअघि र पछिको दश वर्षको तथ्यांक हेर्दा नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान १० प्रतिशतबाट घटेर ५ प्रतिशतको हाराहारीमा पुगेको छ। बजेटको ठुलो हिस्सा उपभोग्य वस्तुको आयातमा खर्च भइरहेको छ भने उपभोगको हिस्सा जीडीपीको झण्डै ९० प्रतिशत छ, जबकि बचत र लगानीको हिस्सा अत्यन्तै न्यून छ। यी सबै हुनुमा देशका प्रमुखदेखि सत्तासाझेदारी सबै दलहरूको कुनै न कुनै रूप र समयमा निर्णायक भूमिका छ, जसले उपभोक्तावादलाई नै आफ्नो राजनीतिक आधार बनाए र कार्यकर्ता पाल्नका लागि दलाल पुँजीवादलाई प्रश्रय दिए। उत्पादन गर्नेलाई भन्दा सामान आयात गर्ने ट्रेडिङ एजेन्टलाई नीतिगत सुविधा दिइयो। रेमिट्यान्सलाई देशको वित्तीय सफलताको मानक मानियो, जबकि त्यो हाम्रो उत्पादनशील शक्तिको पलायन थियो भन्ने तर्फ कसैको पनि ध्यान गएन, न कुनै बहसको विषय नै बनाइयो।

गत भदौ २३ र २४ मा देखिएको युवाहरूको असन्तुष्टि (जेनजी आन्दोलन) र संसद् विघटनका घटनाहरू यही उपभोक्तावादी सङ्कटका राजनीतिक परिणाम हुन्। नयाँ पुस्ताले विश्वका सुविधाहरू इन्टरनेटमा देख्छ र उसलाई ती उपभोग गर्ने इच्छा छ। तर देशमा उत्पादन र रोजगारीको अवसर छैन। यही खाडलले गर्दा युवाहरूमा चरम निराशा छ, जसले गर्दा उनीहरू कि त देश छोड्न चाहन्छन् कि त सडकमा विद्रोह गर्छन्। त्यसैको एउटा उदाहरणीय परिणाम थियो, जेनजी आन्दोलन।

जेनजी आन्दोलन र संसद् विघटनपछि हुन लागेको निर्वाचनमा नयाँ र जेनजीको मनोविज्ञानमा आधारित दलहरूको अवस्था अलि अनौठो छ। तिनीहरू आफूलाई नयाँ पुस्ताको प्रतिनिधि त भन्छन्, भ्रष्टाचार र सुशासनका कुरा पनि चर्काउँछन् तर नेपालको भयावह व्यापार घाटा कसरी घटाउने र उपभोक्तावादी समाजलाई कसरी उत्पादनमुखी बनाउने भन्नेमा उनीहरूको कुनै स्पष्ट अवधारणा छैन।

सुन्दा मात्र पनि अस्वाभाविक र अप्राकृतिक जस्तो लाग्ने परिवर्तनका कुरा त गरेका छन् तर उनीहरू लोकप्रियतावादको चरम सिकार बनेका छन्। भ्रष्टाचारविरोधी नाराले मात्र उपभोक्तावादी समाजलाई उत्पादनशील बनाउन सक्दैन भन्ने सामान्य र आधारभूत कुरासमेत सुनिँदैन। उनीहरूले सस्तो लोकप्रियताका लागि आश्वासन दिन्छन्, सुशासन र प्रविधिका कुरा गर्छन् तर माटोमा पसिना बगाएर कसरी आत्मनिर्भर हुने भन्ने कुनै फरक मार्गदर्शन उनीहरूमा पनि देखिँदैन।

दिगो आर्थिक कार्यक्रमभन्दा सामाजिक सञ्जालको भाइरल शैलीमा लोकप्रिय हुन खोजिरहेका छन्। यस प्रकारको लोकप्रियतावादले उपभोक्तावादलाई झन् बढवा दिन्छ किनकि यसले मानिसलाई तत्कालको सस्तो सन्तुष्टिमा अलमल्याउँछ। नयाँ भनेर आउन लागिरहेका दलहरूले उत्पादन र आत्मनिर्भरताको खाका नल्याएसम्म उनीहरूको उदयले उपभोक्तावादी समाजमा कुनै सकारात्मक प्रभाव पार्ने देखिँदैन।

–बाँकी तीन पेजमा

### उपभोक्तावादी ...

बरु यसले जनतामा झन् ठूलो निराशा पैदा गर्न सक्छ।

**रेमिट्यान्सको पुँजीकरण**

नेपालले आज भोगिरहेको श्रम पलायन र रेमिट्यान्सको समस्याबाट एक समय आजको विकसित देश दक्षिण कोरिया पनि गुज्रिएको थियो। लामो समय जापानी उपनिवेशबाट शासित भएको कोरियाले उपनिवेशबाट स्वतन्त्र भएलगत्तै आन्तरिक गृहयुद्धको सामना गर्नुपर्‍यो र अन्ततः विभाजनको तहमा पुग्यो। गृहयुद्ध र विभाजनले थलिएको दक्षिण कोरियाका युवाहरू १९६० र ७० को दशकमा जर्मनीको कोइला खानी र मध्यपूर्वी देशहरूमा सडक बनाउन श्रमिकका रूपमा गएका थिए।

तत्कालीन कोरियाली सरकारले ती युवाहरूले पठाउने रेमिट्यान्सलाई केवल उपभोगमा मात्र खर्च हुन दिएन। बरु विदेशमा रहेका श्रमिक र त्यहाँबाट फर्किएका युवाहरूसँग एउटा ऐतिहासिक आर्थिक सहकार्यको नीति लियो र श्रमिकहरूले पठाएको पैसालाई राष्ट्रिय बैंकिङ प्रणालीमार्फत आजको विश्व चर्चित हुन्डाई र सामसङजस्ता ठूला उद्योगहरूको जग स्थापना गर्न लगानी पुँजीको रूपमा प्रयोग गर्‍यो।

सरकारले रेमिट्यान्स पठाउने युवाहरूको आर्थिक सुरक्षाको सुनिश्चितता गर्‍यो। उनीहरू फर्किएपछि आफ्नै देशमा उद्यम गर्न बिनाधितो ऋण र कर छुटका कार्यक्रमहरू ल्यायो। परिणामतः श्रमिकहरूको त्यही रगत–पसिनाको रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माण गर्न सफल भयो। आजको कोरियाको समृद्धिको जग त्यही ७० को दशकको रेमिट्यान्स र सरकारको सही नीति नै हो। छ दशक अगाडि, युद्ध र विभाजनको पृष्ठभूमिमा बनेको कोरियाली सरकारले त्यस किसिमको नीति लिन सकेको थियो भने छ दशक पछाडि विज्ञान प्रविधिको विकासले कायापलट मारिसकेको युगमा पुगिसक्दा पनि नेपालको सरकारले सोच्ने तरिका र आत्मसात् गर्ने नीति कति सान्दर्भिक, कति असान्दर्भिक छ भन्ने बहससमेत हुने गरेको छैन। अझ रेमिट्यान्स प्रयोगको फेहरिस्त कहालीलाग्दो अवस्थामा छ।

**उत्पादन र शिक्षा प्रणाली**

कुनै पनि समाजको उत्पादन प्रणाली त्यसको शिक्षा प्रणालीको प्रतिबिम्ब हो। विडम्बना, नेपालको शिक्षा प्रणाली र उत्पादनबिचको सम्बन्ध स्थापित हुनै सकेन। नेपालको शिक्षा प्रणालीले उद्यमी वा उत्पादकभन्दा केवल बौद्धिक मजदुर वा प्रशासक जन्माउने काम गरिरहेको छ। डिग्री पास गरेका युवाहरूमा 'म पढेको मान्छे, मैले माटो छुनु हुँदैन' भन्ने एउटा घातक मनोवैज्ञानिक त्रुटि छ। शिक्षाले श्रमप्रतिको सम्मान होइन, घृणा र वितृष्णा सिकाएको छ, जुन उत्पादक समाज निर्माणका लागि ठूलो सांस्कृतिक अवरोध हो। नेपालका विश्वविद्यालयहरू आज प्रमाणपत्र बाँड्ने कारखाना र विदेश जाने ट्रान्जिट पोइन्टजस्ता मात्रै भएका छन्। उच्च शिक्षा हासिल गरेका युवा रोजगारीकै लागि बिदेसिनुको मुख्य कारण पनि हाम्रो शिक्षाले बजारको मागअनुसार सीप दिन नसक्नु र देशमा उत्पादनको वातावरण नहुनु हो, जसले गर्दा देशका उत्कृष्ट प्रतिभाहरू पलायन भइरहेका छन्।

शिक्षालाई उत्पादनसँग जोड्न किताबी ज्ञान मात्र पर्याप्त छैन। विकल्पका रूपमा विद्यालय तहदेखि नै व्यावहारिक सीप र उद्यमशीलतालाई अनिवार्य गरिनुपर्छ। विश्वविद्यालयहरूलाई अनुसन्धान र औद्योगिक केन्द्रहरूसँग जोडेर पढ्दै कमाउँदैको मोडलमा जानेतर्फ पहल गर्नुपर्दछ। कुनै पनि उत्पादनको आधार नभएको अनुत्पादक समाजमा जब उपभोगको तीव्र इच्छा हुन्छ, तब समाजमा अनेकन विकृतिहरू देखा पर्न थाल्छन्। जसले समाजलाई नैतिक र मनोवैज्ञानिक क्षयतर्फ लैजान्छ। मिहिनेत बिना छोटो समयमा धनी बन्ने लालचले ठगी, भ्रष्टाचार र आपराधिक मानसिकताले गिजोल्दै लैजान्छ। नेपालको प्रशासन क्षेत्रमा कर्मचारीले लिने घुस र सेवामा हुने झमेला यही उपभोक्तावादी भोकको परिणाम हो।

उत्पादनमा संलग्न नहुने मानिसमा सिर्जनात्मकता हुँदैन। यसले गर्दा आम मानिसमा आक्रोश, ईर्ष्या, क्रोध र अरूको प्रगतिमा जल्ने प्रवृत्ति हावी हुन्छ। सहयोगी भावना शून्य र भविष्यप्रति अन्योल हुनु अनुत्पादक समाजका रोगहरू हुन्। नेपाल यो रोगको सङ्क्रमणबाट अछुतो छैन, बरु रोगको सिकार हुने बाटोमा तत्पर छ।

**उपभोक्तावादी समाजका चुनौतीहरू**

कुनै पनि देश जब उपभोक्तावादको चरम बिन्दुमा पुग्छ, उसले गम्भीर चुनौतीहरूको सामना गर्नुपर्छ। यसलाई विश्वका विभिन्न उदाहरणबाट बुझ्न सकिन्छ। अमेरिका जस्ता विकसित देशहरूमा पनि उपभोक्तावादले गर्दा नागरिकहरू अत्यधिक क्रेडिट कार्ड र व्यक्तिगत ऋणमा फसेका छन्। नेपालमा पनि उत्पादन नहुने तर उपभोग बढ्ने हुँदा राष्ट्रिय र व्यक्तिगत दुवै तहमा ऋणको भार चुलिएको छ। अत्यधिक उपभोगले स्रोतहरूको दोहन बढाइरहेको साथै विश्वका उदीयमान र शक्तिशाली देशहरूको अर्थतन्त्रमा, उपभोगको होडबाजीले प्रदूषण र फोहोर व्यवस्थापनको भयावह संकट निम्त्याएको छ।

ग्रीसजस्ता युरोपकै कतिपय देशहरूले आफ्नो उत्पादन क्षमता गुमाउँदा र केवल आयातित उपभोगमा रमाउँदा आर्थिक टाट पल्टिने अवस्था भोग्नुपरेको र आर्थिक सार्वभौमिकता गुमाउन पुगेको उदाहरणहरू छन्। नेपाल जस्तो अनुत्पादक देशका लागि यो सबैभन्दा ठूलो चुनौती हो।

नेपालको उपभोक्तावादी समाजको भविष्य अहिले एक गम्भीर मोडमा छ। बाहिरबाट हेर्दा आधुनिक देखिए पनि भित्रबाट खोक्रो छ र उधारोको जिन्दगी बाँचिरहेको छ। युवा विदेश पठाएर उनीहरूको रगत र पसिनाको मूल्यमा विदेशी सामान उपभोग गरिरहेको छ, जुन दीर्घकालीन छैन। अब नेपालले आफ्नो मौलिक आत्मनिर्भरताको बाटोलाई आधुनिक प्रविधिसँग जोड्दै रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माणको लागि प्रभावकारी नीति अवलम्बन गर्नुको विकल्प छैन।

आसन्न निर्वाचनले केवल अनुहार मात्र होइन, नेपालको आर्थिक चरित्र बदल्ने नेतृत्व छान्न सक्नुपर्छ। नयाँ र पुराना दुवै दलहरूले लोकप्रियतावादको सस्तो राजनीति त्यागेर र मतदाताले पनि क्षणिक लोभभन्दा माथि उठेर उत्पादक समाज निर्माणको पक्षमा उभिनु नै आजको आवश्यकता र दायित्व हो।

बिना उत्पादनको उपभोगले विनाशतिर लैजाने कुरालाई आत्मसात् गरेर अबको राजनीतिक कार्यक्रम उपभोगका लागि आयात होइन, आत्मनिर्भरताका लागि उत्पादन हुनुपर्छ। यदि आज यो बाटो समात्न सकेनौँ भने आउँदो पुस्ताले एउटा खोक्रो, परजीवी र असफल राष्ट्र मात्र पाउनेछ।

रातोपाटीबाट

### *रेशम चौधरीको ...*

हुने भन्दै अन्तरिम अस्वीकार गरेको हो। कैलाली क्षेत्र नम्बर १ बाट दिएको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरेपछि चौधरी सर्वोच्च अदालत पुगेका थिए। टीकापुर हत्याकाण्डसँग सम्बन्धित कर्तव्य ज्यान मुद्दामा तीन तहका अदालतबाट दोषी ठहर भएकाले निर्वाचन आयोगले उनको उम्मेदवारी खारेज गरेको थियो। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कैलाली क्षेत्र नम्बर १ बाट मनोनयन दर्ता गराएका चौधरीको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरेको थियो।

# खाना खाएपछि पेट फुल्ने समस्या छ ? थाहा पाउनुहोस् ब्लोटिङ हटाउने घरेलु उपाय

दहीमा पाइने प्रोबायोटिक्स ल्याक्टोब्यासिलस, बिफिडोब्याक्टेरियमले आन्द्रामा राम्रा ब्याक्टेरिया बढाउँछन्,

**डा. अमृत भण्डारी**
आयुर्वेदिक चिकित्सक



छिटोछिटो खाने बानी, तारेको, मसालेदार खाना र अनियमित जीवनशैलीका कारण धेरै मानिस ग्यास र ब्लोटिङको समस्याबाट पीडित छन्। पेट दुख्ने, वाकवाकी र असजिलोपन ल्याउने यो समस्याबाट राहत पाउन घरमै उपलब्ध हर्बल खानेकुरा प्रभावकारी हुन सक्छन्।

**पेट किन फुल्छ**

पेट फुल्ने सबैभन्दा ठूलो कारण खानपानमा गडबडी हो। धेरै मसालेदार र तारेको खाना खाँदा यो समस्या बढ्छ। कहिलेकाहीँ धेरै खाना खाने वा छिटोछिटो खाने बानीले पनि ब्लोटिङ हुन्छ, किनकि यसले पाचन प्रणालीमा दबाब पार्छ। कब्जियतले यो समस्या झन् बढाउँछ। ब्लोटिङका कारण पेट दुख्ने, ग्यास, बेचैनी, वाकवाकी जस्ता धेरै समस्या हुन्छन्।

**ब्लोटिङ कम गर्ने टप हर्बल खाद्य पदार्थहरू :**

**१. अदुवा**

अदुवामा जिंजरोल कम्पाउन्डले पाचन प्रक्रिया छिटो बनाउँछ, सुन्निएको घटाउँछ र ग्यास्ट्रिक मोटिलिटी बढाउँछ। खानापछि अदुवाको चिया वा सानो टुक्रा चपाउँदा ऐँठन र ग्यासमा तुरुन्त राहत मिल्छ। अध्ययनहरूमा पनि अदुवाले ब्लोटिङ कम गर्छ भन्ने देखिएको छ।

**२. पुदिना**

पुदिनाले पेटका मांसपेशीहरूलाई रिल्याक्स गर्छ, जसले ग्यास पास गर्न सजिलो बनाउँछ। पुदिना चिया वा पात चपाउँदा अपच र ब्लोटिङ हट्छ। यसका एन्टिअक्सिडेन्टले पेटलाई शीतल र स्वस्थ राख्छन्।

**३. सौँफ**

सौँफमा हुने एनेथोल कम्पाउन्डले पाचक इन्जाइम बढाउँछ र ग्यास बन्न रोक्छ। खानापछि १ चम्चा सौँफ चपाउँदा वा सौँफ पानी पिउँदा ब्लोटिङ र ग्यास तुरुन्त कम हुन्छ। धेरै संस्कृतिमा यो परम्परागत उपाय हो।

**४. भुँइकटहर**

भुँइकटकर ब्रोमेलेन इन्जाइमले प्रोटिन पचाउन मद्दत गर्छ, सुजन घटाउँछ। उच्च फाइबर र भिटामिन सीले कब्जियत हटाउँछ। ताजा भुँइकटहर खाँदा ब्लोटिङ कम हुन्छ।

**५. मेवा**

मेवामा हुने पपेन इन्जाइमले प्रोटिन तोड्छ, फाइबरले कब्जियत हटाउँछ। एसिड रिफ्लक्स पनि कम गर्छ। पकेको वा काँचो मेवा ब्लोटिङका लागि उत्कृष्ट छ।

**६. काँक्रो**

काँक्रोमा हुने ९५ प्रतिशत पानीले हाइड्रेशन दिन्छ, एन्टिअक्सिडेन्टले पेट शीतल राख्छ। कब्जियत र पानी जम्ने समस्या हटाउँछ। यसलाई सलादका रूपमा खान सकिन्छ।

**७. किवी**

किवीमा हुने एक्टिनिडिन इन्जाइम र प्रीबायोटिक फाइबरले पाचन सजिलो बनाउँछ, राम्रा ब्याक्टेरिया बढाउँछ। एन्टी–इन्फ्लेमेटरी गुणले सूजन हटाउँछ।

**८. दही**

दहीमा पाइने प्रोबायोटिक्स ल्याक्टोब्यासिलस, बिफिडोब्याक्टेरियमले आन्द्रामा राम्रा ब्याक्टेरिया बढाउँछन्, ग्यास, कब्जियत हटाउँछ। त्यसैले अपचको समस्या भएको समयमा प्लेन दही खानु फाइदाजनक हुन्छ।

**९. चिया सिड्स**

चिया सिड्समा हुने घुलनशील र अघुलनशील फाइबरले पाचन सन्तुलित राख्छ, राम्रा ब्याक्टेरिया बढाउँछ। यसलाई पानीमा भिजाएर पिउँदा ग्यास र ऐँठन कम हुन्छ।

**१०. कागती पानी**

कागतीमा हुने सिट्रिक एसिडले खाना तोड्छ, पेक्टिन फाइबरले कब्जियत हटाउँछ। बिहान खाली पेटमा मनतातो कागती पानीले पाचन सुधार्छ।

**थप प्रभावकारी हर्बल खानेकुरा**

**जिरा :** यसले पाचक इन्जाइम बढाउँछ, ग्यास र ब्लोटिङ हटाउँछ। जिरा पानी वा चिया बनाएर पिउन सकिन्छ।

**ज्वानो :** एन्टिस्पास्मोडिक गुणले पेटका मांसपेशी रिल्याक्स गर्छ, ग्यास तुरुन्त निकाल्छ। ज्वानो पानी वा मनतातो पानीमा एक चम्चा ज्वानो राखेर पिउन सकिन्छ।

**बेसार :** यसमा हुने एन्टी–इन्फ्लेमेटरी गुणले ब्लोटिङ कम गर्छ। दूध वा पानीमा बेसार मिसाएर पिउन सकिन्छ।

**ब्लोटिङ कम गर्ने अन्य उपाय**

– खाना राम्ररी चपाएर खाने छिटो नखाने।
– दिनमा ८–१० गिलास पानी पिउने।
– दैनिक व्यायाम/ हिँडाइ गर्ने यसले पनि पाचन सुधार्छ।
– ट्रिगर खानेकुराहरु धेरै फ्राइड, मसालेदार खानेकरा कम गर्ने
– यदि समस्या बारम्बार वा गम्भीर छ भने डाक्टरसँग सल्लाह लिने।

अनलाइनखबरबाट

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा मेरो नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई कैफियत लेखी फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले सो छुट जग्गा दर्ता गरी मेरो नाममा ज.ध.दर्ता प्रमाणपूर्जा उपलब्ध गरी पाउन जि.धनुषा साविक गा.वि.स. भरतपुर वार्ड नं. ८ परिवर्तित न.पा. गणेशमान चारनाथ वार्ड नं. २ मा बस्ने गोविन्द महतो कोईरीको नाति जितन महतोको छोरा जागेश्वर महतोले यस कार्यालयमा छुट मि.नं. ३० दर्ता मिति २०८२।१०।०८ मा निवेदन दर्ता गराएको हुँदा, उक्त जग्गा दर्ता सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार भए वा यी निवेदकको माग बमोजिम उक्त छुटजग्गा दर्ता गरी यी निवेदकको नाममा ज.ध. दर्ता प्रमाणपुर्जा दिँदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी, पर्ति वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिनभित्र स–प्रमाण यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भई जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | नैनपुर | १क | २११ | ०–२–५ | जगेश्वर महतो |

# कांग्रेसको चुनावी अभियान मधेशबाट, पहिलो सभा जनकपुरधाममा




**अजय शाह**

महोत्तरी, २५ माघ। नेपाली कांग्रेसले फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै फागुन ६ गतेदेखि औपचारिक चुनावी सभा सुरु गर्ने भएको छ। पार्टीको पहिलो ठूलो चुनावी सभा मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजना गरिने निर्णय गरिएको छ। विशेष अधिवेशनमार्फत सभापतिमा निर्वाचित गगन कुमार थापाले नेतृत्व सम्हालेपछि कांग्रेसको पहिलो केन्द्रीयस्तरको चुनावी सभा मधेशमै गर्न लागिएको हो। सभापति थापा यसपटक सर्लाही-४ बाट प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवार पनि हुनुहुन्छ। मधेशबाट चुनावी अभियान सुरु गर्नुले कांग्रेसले यो प्रदेशलाई रणनीतिक रूपमा उच्च प्राथमिकतामा राखेको सङ्केत गरेको नेताहरूले बताएका छन्।

फागुन ६ गते बुधबार जनकपुरधामस्थित तिरूहतिया गाछीमा आयोजना हुने उक्त मधेश सभालाई सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा लगायत पार्टीका शीर्ष नेताहरूले सम्बोधन गर्ने नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले जानकारी दिनुभयो। सभाको तयारीका लागि शनिबार पार्टीको मधेश प्रदेश कार्यालय थापा चौक, जनकपुरधाममा प्रदेश कार्यसम्पादन समितिको बैठक बसेको थियो। बैठकले सभालाई भव्य र प्रभावकारी बनाउने निर्णय गर्दै विभिन्न जिम्मेवारीसमेत तोकेको छ। बैठकअनुसार सभाको प्रचार-प्रसारको जिम्मेवारी नितेश कुमार गुप्तालाई दिइएको छ भने मञ्च व्यवस्थापनको जिम्मेवारी कांग्रेस धनुषा जिल्ला सभापति योगेन्द्र पञ्जियारलाई प्रदान गरिएको छ।

कांग्रेस मधेश प्रदेश प्रचारप्रसार विभाग प्रमुख नितेश कुमार गुप्ताका अनुसार मधेश सभाको समग्र तयारी, व्यवस्थापन र संगठनात्मक पक्षलाई सशक्त बनाउने विषयमा विस्तृत छलफल भएको छ। सभालाई ऐतिहासिक बनाउन मधेश प्रदेशका सबै ३२ निर्वाचन क्षेत्रबाट एक लाखभन्दा बढी नेता-कार्यकर्ता तथा समर्थकलाई सहभागी गराउने लक्ष्य लिइएको उहाँले बताउनुभयो। नेतृत्व परिवर्तनपछि पहिलो ठुलो चुनावी सभामार्फत कांग्रेसले मधेशबाटै सशक्त चुनावी सन्देश दिने तयारी गरेको विश्लेषकहरूको भनाइ छ।

# विवाह भोज खाएका बेहुला-बेहुलीसहित सबै बिरामी, शिविर मार्फत उपचार सुरु

खोटाङ, २५ माघ। जन्तेढुङ्गा गाउँपालिका-६ दिप्लुङमा विवाह भोज खाएका बेहुला-बेहुलीसहित सबै जना बिरामी भएपछि शिविर राखेर उपचार थालिएको छ। भोज खाएको १२ घण्टापछि सुरुमा ज्वरो आउने, र झाडापखाला लाग्ने समस्या देखिएपछि दिप्लुङकै निगालावासस्थित भञ्ज्याङ निवासी रामकुमार राईको घरमा शिविर राखेर उपचार थालिएको छ। विवाह भोज खाएकाहरूलाई 'फुडपोइजन' भएको आशंका गरिएको स्थानीयवासी वीरबल किरातीले जानकारी दिनुभयो। यही माघ २१ गते दिप्लुङमा आयोजित विवाह भोज खाएका स्थानीयवासी माघ २२ गते बेलुकादेखि बिरामी पर्न थालेका हुन्।

बिरामी परेका स्थानीयको उपचारका लागि गाउँपालिकाको स्वास्थ्य शाखाको आरआरटी टिम, स्वास्थ्य कार्यालय खोटाङ र जनप्रतिनिधिको टोली खटिएका छन्। विवाह भोज खाएका बिरामीको अधिक चाप बढेपछि स्वास्थ्य कार्यालयबाट पनि औषधिसहितको जनशक्ति मगाइएको गाउँपालिका उपप्रमुख खेमबहादुर खड्काले जानकारी दिए। स्वास्थ्यमा समस्या आएका स्थानीय उपचारका लागि शिविरमा आउनेजानेक्रम जारी रहेको गाउँपालिकाका सूचना अधिकारी विनय निरौलाले जानकारी दिए। उपचारको माग गर्दै बिरामी सम्पर्कमा आउन थालेपछि गाउँपालिकाले माघ २३ गतेदेखि निगालावास भञ्ज्याङमा भेला गरेर उपचारको व्यवस्था मिलाइएको हो।

भोज खाएर फर्किएका उदयपुर, काठमाडौँलगायतका पाहुनासमेत बिरामी परेको खबर आएको गाउँपालिकाका अध्यक्ष अरुणादेवी राईले जानकारी दिइन्।

# आइसिसी टी-२० विश्वकप : नेपाल इङ्ल्यान्डसँग चार रनले पराजित

काठमाडौँ, २५ माघ। आइसिसी टी-२० विश्वकप २०२६ को आफ्नो पहिलो रोमाञ्चक खेलमा नेपाल टेस्ट टोली इङ्ल्यान्डसँग चार रनले पराजित भएको छ। मुम्बईस्थित वानखेडे स्टेडियममा आइतबार भएको खेलमा जितका लागि एक सय ८५ रनको चुनौतीपूर्ण लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा एक सय ८० रन मात्र बनाउन सक्यो। नेपालका लागि दिपेन्द्रसिंह ऐरीले सर्वाधिक ४४ रन बनाउनुभयो। उहाँले ३४ बलमा दुई चौका र दुई छक्काको सहयोगमा उक्त रन बनाउनुभएको हो। यस्तै कप्तान रोहित पौडेलले ३९ रन बनाउनुभयो। उहाँले ३४ बलमा दुई चौका र दुई




छक्का हान्नुभयो।

ओपनर कुशल भुर्तेलले २९, आशिफ शेखले सात, आरिफ शेखले १०, लोकेश बमले अविजित ३९ रन बनाउनुभयो। उहाँले २० बलमा चार चौका दुई छक्का हान्नुभयो। गुल्शन झा एक रनमा आउट हुनुभयो। करण केसी एक रनमा अविजित रहनुभयो।

बलिङमा इङ्ल्यान्डका लियम डसनले दुई तथा विल ज्याक्स, साम कुरन, जोफ्रा आर्चर र लुक उडले एक एक विकेट लिनुभयो। पहिलो जितसँगै समूह 'सी' मा इङ्ल्यान्डले दुई अङ्क बनाएको छ। नेपालले हारबाट विश्वकप यात्रा सुरु गरेको छ। यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको इङ्ल्यान्डले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ८४ रन बनाएको थियो। इङ्ल्यान्डका लागि ज्याकोब वेथेल र कप्तान ह्यारी ब्रुकले अर्धशतकीय इनिङ्स खेल्नुभयो।

ज्याकोबले सर्वाधिक ५५ रन बनाउनुभयो। उहाँले ३५ बलमा चार चौका र चार छक्काको सहयोगमा उक्त रन बनाउनुभएको हो। यस्तै कप्तान ह्यारी ब्रुकले ३२ बलमा चार चौका र तीन छक्काको सहयोगमा ५३ रन बनाउनुभयो। ओपनर जोस बट्लरले २६, विल ज्याक्सले अविजित ३९ रन बनाउनुभयो। अर्का ओपनर फिल साल्टले एक तथा टोम ब्यान्टोम र सान कुरान दुई दुई रन जोड्दै पेभेलियन फर्कनुभयो। जोफ्रा आर्चर एक रनमा रन आउट हुनुभयो। बलिङमा नेपालका दीपेन्द्रसिंह ऐरी र नन्दन यादवले दुई दुई तथा सन्दीप लामिछाने र शेर मल्लले एक एक विकेट लिनुभयो। यस खेलसँगै टी-२० विश्वकपमा शेर मल्लसहित आरिफ शेख, लोकेश बम र नन्दन यादवले डेब्यू गर्नुभएको छ।

नेपालले टेस्ट टोली इङ्ल्यान्डसँग पहिलो पटक खेलेको हो। विश्वकपको समूह 'सी' मा नेपाल र इङ्ग्ल्यान्डसँगै वेस्ट इन्डिज, इटाली र स्कटल्यान्ड रहेको छ। भारतसँगको विवादले बङ्गलादेशले विश्वकपमा नखेल्ने निर्णय गरेपछि आइसिसीले वरीयताको आधारमा स्कटल्यान्डलाई मौका दिएको हो। इटालीले पहिलो पटक क्रिकेट विश्वकप खेल्दैछ।

अब नेपालले समूहको दोस्रो खेल माघ २९ गते इटाली, फागुन ३ गते वेस्ट इन्डिज र फागुन ५ गते स्कटल्यान्डसँग खेल्ने छ। नेपालले समूह चरणका सबै खेल मुम्बईस्थित वानखेडे स्टेडियममै खेल्ने छ। नेपालले समग्रमा तेस्रो र लगातार दोस्रो पटक टी-२० विश्वकप खेलेको हो। यसअघि नेपालले सन् २०१४ र सन् २०२४ को अघिल्लो संस्करण खेलेको थियो।

**इङ्ल्यान्डविरुद्ध नेपाल-११**

कुशल भुर्तेल, आशिफ शेख, रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, लोकेश बम, गुल्शन झा, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने र शेर मल्ल।

नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा मेरो नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई कैफियत लेखी फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले सो छुट जग्गा दर्ता गरी मेरो नाममा ज.ध. प्रमाणपूर्जा उपलब्ध गरी पाउन जिल्ला सिरहा साविक गा.वि.स. गोविन्दपुर वार्ड नं. ९ परिवर्तित न.पा. लहान वार्ड नं. २४ मा बस्ने दर्शन महतोको नाति झाझु महताको छोरा जुगेश्वर महतो कोईरीले यस कार्यालयमा छुट मि.नं. ७९ दर्ता मिति २०८२।०३।१० मा निवेदन दर्ता गराएको हुँदा, उक्त जग्गा दर्ता सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी यी निवेदकको नाममा ज.ध. दर्ता प्रमाणपूर्जा दिँदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी,पर्ति वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरि एको छ। म्यादभित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भई जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | गोविन्दपुर प्र.ध. | ९ग | २१ | ०-४-१० | जगेश्वर महतो |
| सिरहा | गोविन्दपुर प्र.ध. | ९ग | २७ | ०-४-० | जगेश्वर महतो |

# प्रेम प्रस्ताव ...

अनुसन्धानले देखाएको छ। हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले सिरहाका २६ वर्षीय दिपेशकुमार सिंहलाई पक्राउ गरेको छ।

सिंह बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (घोपा), धरानमा एमबीबीएस चौथो वर्षमा अध्ययनरत विद्यार्थी हुन्। उनले आफ्नै कलेजमा पढ्ने एक कनिष्ठ (जुनियर) छात्राका बुबा ढकाललाई निसाना बनाएका थिए। साँझ ६:२० बजेतिर घरमै बसिरहेका ढकालको घाँटीमा सिंहले आफूले ल्याएको केमिकलसहितको सिरिन्जले एक्कासी प्रहार गरेका थिए। गम्भीर अवस्थामा अस्पताल पुऱ्याइएका ढकाललाई चिकित्सकले तत्कालै मृत घोषणा गरेका थिए। प्रहरीका अनुसार यो हत्या रिसिबीका कारण योजनाबद्ध रूपमा गरिएको पाइएको छ। अभियुक्त सिंहले मृतककी छोरीलाई प्रेम प्रस्ताव राखेको र सो प्रस्ताव अस्वीकार गरेपछि दुईबीच सम्बन्ध बिग्रिएको बुझिएको छ। सिंहले यसअघि पनि ती छात्राको फोटो सम्पादन (एडिट) गरेर बदनाम गर्ने प्रयास गरेको र सो विषयमा इलाका प्रहरी कार्यालय धरानमा उजुरीसमेत परेको खुलेको छ।

सोही रिस फेर्न सिंह बिहीबार बिहानैदेखि ढकालको घर आसपास रेकी गर्दै 'शिक्षक चाहिएको' बहाना बनाएर घर पुगेका थिए। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार सिरिन्जमा प्रयोग गरिएको औषधिको थप प्रयोगशाला परीक्षण भइरहेको छ। प्रहरीका अनुसार पक्राउ परेका सिंहमाथि मुलुकी अपराध संहिता २०७४ को ज्यान सम्बन्धी कसूरअन्तर्गत मुद्दा दर्ता गरी कानुनी कारबाही र थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

# ठक्करबाट एकको मृत्यु

**विनय कर्ण**

सप्तरी, २५ माघ। सप्तरीको शम्भुनाथ नगरपालिकामा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रुको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्। नगरपालिकाको वडा नम्बर १० जमुवा स्थित कठौना-पातो सडक खण्डमा शनिबार साँझ भएको दुर्घटनामा सोही ठाउँका ६८ वर्षीय रामबाबु मण्डलको मृत्यु भएको हो। कठौनाबाट राजपुरतर्फ जाँदै गरेको प्रदेश २-०१-००१ प. ५०४५ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा मण्डल गम्भीर घाइते हुनुभएको थियो।

घाइते उहाँलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। सोही दुर्घटनामा मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका ११ बस्ने २२ वर्षीय राम अवतार मण्डलको र पछाडि सवार सोही ठाउँका १६ वर्षीय विशालकुमार मण्डल घाइते हुनुभएको छ र दुवैजनाको उपचार भइरहेको उहाँले बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)